# सुर्यगढी गाउँपालिकाको आर्थिक ऐन, २०८०

सभाबाट स्वीकृत मितिः २०८०।०३।०७

**प्रस्तावनाः** सुर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२)बमोजिम सुर्यगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन "२०८०” रहेको छ ।
(२)यो ऐन २०८० साल श्रावण १ गतेदेखि सुर्यगढी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाक्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

६. **मनोरन्जन करः** गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (६)बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

८. **जडिबुटी, कबाडी र जिबजन्तु करः** गाउँपालिका क्षेत्र भित्र जडिबुटी, कवाडी र जीवजन्तु (प्रतिबन्धित बाहेक) कर अनुसूचि (७) बमोजिम हुनेछ ।

९. **सेवा शुल्क तथा सिफारिस दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **भुमिकर (मालपोत) करः** गाउँपालिका क्षेत्र भित्र सम्पतिकर लाग्ने घरजग्गा बाहेक अन्य जग्गामा अनसुची (९) बमोजिम भुमिकर (मालपोत) कर लगाई असुल उपर गरिनेछ ।

११. **सवारी साधन करः** गाउँपालिका क्षेत्र भित्र सवारी साधनमा लाग्ने, ढुवानी गरेबापत अनसुची (१०) बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिन्छ ।

१२. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १

(दफा२ संग सम्बन्धित)

### सम्पति कर

सम्पत्ति करको मूल्यांकन करदाताले स्व-घोषणा गरेको आधारमा गरिने छ। मूल्यांकन रकमलाई रु लाख मा परिणत गरी करको दर निर्धारण हुनेछ।

| विवरण | बार्षिक दर | कैफियत |
|---|---|---|
| पाँच लाख रुपैंया सम्म | रु. ५० | |
| पाँच लाख १ रुपैंया देखि १० लाख सम्म | रु. ७५ | |
| १० लाख १ रुपैंया देखि १५ लाख सम्म | रु. १०० | |
| १५ लाख १ रुपैंया देखि २० लाख सम्म | रु. १२५ | |
| २० लाख १ रुपैंया देखि २५ लाख सम्म | रु. १५० | |
| २५ लाख १ रुपैंया देखि ३० लाख सम्म | रु. २०० | |
| ३० लाख १ रुपैंया देखि ४० लाख सम्म | रु. ५०० | |
| ४० लाख १ रुपैंया देखि ५० लाख सम्म | रु. ९०० | |
| ५० लाख १ रुपैंया देखि ६० लाख सम्म | रु. १३०० | |
| ६० लाख १ रुपैंया देखि ७० लाख सम्म | रु. १८५० | |
| ७० लाख १ रुपैंया देखि ८० लाख सम्म | रु. २४०० | |
| ८० लाख १ रुपैंया देखि १ करोड सम्म | रु. ३१०० | |
| १ करोड १ रुपैंया देखि माथि | रु. ३९०० | |

## अनुसूची २

(दफा३ संग सम्बन्धित)

### घरवहाल कर

आफनो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पूरै वा आंशिक रूपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिने ।

## अनुसूची ३

(दफा४ संग सम्बन्धित)

## व्यवसाय कर

व्यवसाय कर निम्नअनुसार लिईनेछ ।

| सि.नं | विवरण | श्रेणीवर्गिकरण \ प्रस्तावित दर्ता प्रति लाखमा | | | प्रस्तावित नविकरण शुल्क |
|---|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) | |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई(क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. १००००।०० | ५०० | २०० | १०० | १००० |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (क)<br>• रांगा वाहेक खसीवोका सहितको मासू बेच्नेलाई (ख)<br>• रांगाखसी, वोका वाहेकको मासू मात्र बेच्ने लाई (ग) | २०० | १५० | १०० | १००० |
| ३ | मदिरा पसल<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | ५०० | ४०० | | २००० |
| ४ | कोल्ड ड्रिङ्स पसल | १०० | | | ५०० |
| ५ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | २०० | १५० | | १००० |
| ६ | रेडियो/मोवाईल विक्रीतथा मर्मत | ३०० | | | १००० |
| ७ | संचार सेवा | ५०० | | | १००० |
| ८ | घडि विक्री तथा मर्मत | २०० | | | १००० |
| ९ | केवल टि.भि.सेवा | ५०० | | | १००० |
| १० | फोटो स्टूडियो | ५०० | | | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | ह्जाम | ५०० | | | १००० |
| १२ | टेलरिंग | ५०० | | | १००० |
| १३ | जूत्तापसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | ३०० | १०० | | १००० |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख) | १००० | ५०० | | १००० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | १००० | ७०० | | १००० |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोलीक्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | १००० | ८०० | ५०० | १००० |
| १७ | मेटल वर्कशप | १००० | | | १००० |
| १८ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | २००० | १००० | | १५०० |
| १९ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख)<br>( ईटा भट्टालाई प्रतिगोटा ०.५ पैसाको दरले कर लगाईनेछ ।) | २५०० | १००० | | १५०० |
| २० | कम्प्युटर ईन्स्टिच्युट | ५०० | | | १००० |
| २१ | दाउरा डिपो | २०० | | | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | पान पसल | ५०० | | | १००० |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १००० | ८०० | | १००० |
| २४ | तरकारी र फलफूल पसल | २०० | | | ५०० |
| २५ | चित्रापसल | २०० | | | ५०० |
| २६ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १००० | ६०० | | १५०० |
| २७ | डिलर (खाद्यान्न) | ५०० | | | १५०० |
| २८ | साईकल भाडा तथा मर्मत | १०० | | | ५०० |
| २९ | ठेकेदार<br>घ वर्गको ठेकेदारलाई इजाजत दस्तूर रू.१०,०००।००, नविकरण दस्तुर रू.३०००। | | | | |
| ३० | कपडा पसल | १००० | | | १००० |
| ३१ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचास हजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | २०० | १५० | १०० | १००० |
| ३२ | खाद्यपसल<br>• थोक सहितको खाद्यपसललाई (क)<br>• खूद्रा मात्रको खाद्यपसललाई (ख) | ५०० | २०० | | १५००(क)<br>१०००(ख) |
| ३३ | भांडा पसल<br>• धातू तथा लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई (क)<br>• नूवाकोट जिल्लामा उत्पादन भएको माटोको भाँडा वाहेक अन्यत्रवाट ल्याएर विक्री गर्ने माटोको भाँडा तथा सामान बेच्नेलाई (ख) | २०० | १०० | | १००० |
| ३४ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल | २०० | | | १००० |
| ३५ | कूखुरा पालन<br>• एक हजार भन्दा वढी कूखुरा पाल्नेलाई रु.१५००<br>• एक हजार भन्दा कम कूखुरा पाल्नेलाई | | | | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | रु.१००० | | | | |
| ३६ | तैयारी पोशाक पसल | २०० | | | १००० |
| ३७ | तैयारी जूत्तापसल | २०० | | | १००० |
| ३८ | दन्त क्लिनिक | २०० | | | १००० |
| ३९ | हार्डवेयर पसल | ८०० | | | १५०० |
| ४० | ईलेक्टिक पसल | ५०० | | | १००० |
| ४१ | कानूनीफर्म | ५०० | | | १००० |
| ४२ | साईन वोर्ड पेन्टीङ्ग | २०० | | | १००० |
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | ५०० | | | १००० |
| ४४ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | २०० | १५० | | १५०० |
| ४५ | जडीवूटी खरिद विक्री पसल रु.१५०० | | | | १००० |
| ४६ | लेखा परीक्षक रु.१००० | | | | ५०० |
| ४७ | टेलिभिजन पसल | ५०० | | | १००० |
| ४८ | अन्यउद्योग<br>• २० लाखभन्दा बढी लगानी भएकोलाई रु.१०,०००<br>• एक लाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई रु.८०००<br>• एक लाख पचास हजार भन्दा कम लगानी भएकोलाई रु.५००० | | | | १००० |
| ४९ | विज्ञापन सेवावा एजेन्ट | ५०० | | | ५०० |
| ५० | पशू वधूशाला | ५०० | | | १००० |
| ५१ | अन्तराष्टिय गैरसरकारी संस्था (शाखाकार्यालय समेत) रु.५००० | | | | १००० |
| ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक रु.५०००<br>• वित्तिय संस्थाको शाखाकार्यालय रु.२०००<br>• ऋण तथा बचत सहकारी संस्था रु.१५०० | | | | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३ | नीजि स्कुल | ५००० | | | २००० |
| ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | १००० | ५०० | | १००० |
| ५५ | चस्मा पसल रु.१५०० | | | | ५०० |
| ५६ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल रु.१५०० | | | | १००० |
| ५७ | रेफ्रिजेरेटर मर्मत रु.१५०० | | | | १००० |
| ५८ | दूग्घ डिपो/पसल रु.१५०० | | | | १००० |
| ५९ | व्यूटि पार्लर रु.१५०० | | | | १००० |
| ६० | सप्लायर्स रु.१५०० | | | | ५०० |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई रु.५००० | | | | ५००० |
| ६२ | जग्गा विकास/हाउजिङ्ग रु.५००० | | | | ५००० |
| ६३ | म्यानपावर सेवा रु.१५०० | | | | १००० |
| ६४ | क्याटेरिङ्ग सेवा रु.१५०० | | | | १००० |
| ६५ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था रु.१००० | | | | १००० |
| ६६ | मार्वल/टायर पसल रु.२५०० | | | | १००० |
| ६७ | सवारी साधनको शो रूम<br>• गाडीको शोरूम (क)<br>• मोटरसाईकलको शोरूम (ख)<br>• टैक्टर तथाअन्य मेशिनरीको शोरूम (ग) | ५००० | ३००० | २००० | १००० |
| ६८ | माथि उल्लेख भएको वाहेक अन्य८ यवशाय, सेवा आदीहरूमा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को अनूसूची १० को दफा १९ मा तोकिएको हदभित्र रहेर कर असूली गर्ने । | | | | |
| ६९ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल रु.५०० | | | | ५०० |
| ७० | आईस क्रिमपसल रु.५०० | | | | ५०० |
| ७१ | दानाउद्योग रु.१५०० | | | | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७२ | तारजाली वनाउने उद्योग रु.२००० | | | | १००० |
| ७३ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) रु.१००० | | | | १००० |
| ७४ | नीजि कलेज रु.५००० | | | | १००० |
| ७५ | ब्लक उद्योग रु.२००० | | | | १००० |
| ७६ | मिनरल वाटर उद्योग रु.२००० | | | | १००० |
| ७८ | पानी टयांकर रु.१००० | | | | १००० |
| ७९ | ग्यास डिपो रु.१५०० | | | | १००० |
| ८० | कोल्डस्टोर (शितभण्डार) रु.१५०० | | | | १००० |

नोट :

१. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्यपसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यसमा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२. म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरु वाट बुझाउनु पर्ने सम्पूर्ण व्यवशायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशाय कर असुल गरिनेछ ।

## अनुसूची ४

(दफा ५ संग सम्बन्धित)

## विज्ञापन कर

ठेक्का प्रकृया द्वारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापन कर लिने ।

| | |
|---|---|
| (क) सववोर्ड प्रति वर्गफिट | रू. ४०/०० |
| (ख) होडिंगवोर्ड प्रति वर्गफिट | रू. ७५/०० |
| (ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट | रू. ९०/०० |
| (घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट | रू. २०/०० |
| (ञ) ब्यानर प्रति हप्ता | रू. १००/०० |
| (च) पोलबोर्ड प्रतिगोटा प्रति वर्ष | रू. १,०००/०० |
| (छ) डिजिटल बोर्ड प्रति वर्गफिट | रू. २००/०० |

## अनुसूची ५

(दफा ६ संग सम्बन्धित)

### मनोरन्जन कर

मनोरन्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जनकर शुल्क लिने ।

## अनुसूची ६

(दफा ७ संग सम्बन्धित)

### पार्किङ्ग शूल्क

पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

| **पार्किङ शुल्क** | चालु आ.व.को |
|---|---|
| १. वस, ट्रक, लरी अन्य हेवि गाडी | रु.३० |
| २. माईको कार अन्य साना गाडी | रु.३० |

यस्तो शुल्क प्रत्येक २४ घण्टामा रु.१० थपलाग्दै जाने छ ।

## अनुसूची ७

(दफा ८ संग सम्बन्धित)

### जडिबुटी, कवाडी र जीवजन्तु कर

जडिबुटी, कवाडी र जीवजन्तु (प्रतिबन्धितबाहेक) कर : यस गाउँपालिकामा प्रचलित कानून बमोजिम प्रतिबन्धित बाहेकका जडिबुटी, कवाडी र जीवजन्तु कर देहायअनुसार लिने ।

| क.सं. | विवरण | प्रस्तावित |
|---|---|---|
| १. | टिमुर प्रति के.जि | २ |
| २. | दालचिनीको बोक्राप्रति के.जि. | १ |
| ३. | चिउरी वियाप्रति के.जि. | १ |
| ४. | अम्रिसो प्रति के.जि | ०.५० |
| ५. | कुरीलो प्रति के.जी. | १ |
| ६. | हर्रो,बर्रो,अमलाप्रति के.जी. | १ |
| ७. | अदुवा( कांचो) प्रति के.जी. | ०.५० |
| ८. | सुठी प्रति के.जी. | १ |
| ९. | वेसार प्रति के.जी. | ०.५० |
| १०. | खयर प्रति क्यु फिट | २ |
| ११. | गेडागुडी (दलहन) प्रति के.जी. | ०.५० |
| १२. | कवाडी सामानप्रति टिपर | १२०० |

| | | |
|---|---|---|
| १३ | कवाडी सामानप्रति आईचर | १००० |
| १४ | कवाडी समान प्रति निसान | ६०० |
| १५ | कवडी समान प्रति निसान | ५०० |
| १६ | वनकस वावियो (प्रतिक्वीन्टल) | १० |
| १७. | प्रचलित कानुनले निषेध नगरेको मृत जिवजन्तुको हाड, सिङ, प्वाख, छाला जस्ता वस्तु प्रतिगोटा | रु २०० |
| १८ | गाई बस्तु ओसा-पोसार प्रति गोटा | १०० |
| १९ | काठ प्रति टिपर | १००० |
| २० | काठ प्रति आईचर | ७५० |
| २१ | काठ प्रति निसान | ५०० |
| २२ | सल्ला खोटो | २/के.जी |

**अनुसूची ८**

(दफा ९ संग सम्बन्धित)

**सेवा शुल्क तथा सिफारिस दस्तूर**

गाउपालिकावाट उपलब्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| क्र.सं. | शिर्षकगतविवरण | चालु आ.ब.को सेवा दस्तुर | २०८०-८१ को प्रशताबित दस्तुर |
|---|---|---|---|
| १ | घर जग्गा नामसारी सिफारिस | १०० | १०० |
| २ | मोही लगत कट्टा सिफारिस | १०० | १०० |
| ३ | घर कायम सिफारिस | १०० | १०० |
| ४ | छात्रवृत्ति सिफारिस | निशुल्क | निशुल्क |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निशुल्क | निशुल्क |
| ६ | अपाङ्ग सिफारिस | निशुल्क | निशुल्क |
| ७ | अस्थाइ बसोबास सिफारिस | १०० | १०० |
| ८ | स्थायी बसोबास सिफारिस | १०० | १०० |
| ९ | नागरिकता सिफारिस | ५० | १०० |
| १० | अगिंकृत नागरिकता सिफारिस | १०० | १०० |
| ११ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ३०० | १००० |
| १२ | आर्थिक अवस्था कमजोर वाविपन्नता प्रमाणित | निशुल्क | निशुल्क |

| | | | |
|---|---|---|---|
| १३ | विद्युत जडान सिफारिस | ५० | १०० |
| १४ | धारा जडान सिफारिस | ५० | १०० |
| १५ | जिवित रहेको सिफारिस | ५० | १०० |
| १६ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस/फरक जन्ममिति संशोधन सिफारिस | ५० | १०० |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस/प्रमाणित | १००/लाख | १००/लाख |
| १८ | व्यवसायबन्द सिफारिस | ५० | १०० |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | ५० | १०० |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | ५० | १०० |
| २१ | कोर्ट फिमिनाहा सिफारिस | निशुल्क | निशुल्क |
| २२ | नाबालक परिचयपत्र सिफारिस | निशुल्क | निशुल्क |
| २३ | चौपाय सम्बन्धी सिफारिस | | |
| | साना चौपाय | ५० | १०० |
| | ठुलो चौपाया | २०० | २०० |
| २४ | व्यवसाय दर्ता सिफारिस | ५०/लाख | १००/लाख |
| २५ | उद्योग ठाउँसारी सिफारिस | १०० | १०० |
| २६ | विद्यालय ठाउँसारी सिफारिस | १०० | १०० |
| २७ | नागरिकता प्रतिलिपि सिफारिस | १०० | २०० |
| २८ | विद्यालय सञ्चालन सञ्चालन स्वीकृत/कक्षा बृद्धि सिफारिस | १०० | सामुदायिक सरकारि ५०० संस्थागत निजि १००० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | ५० | १०० |
| ३० | जग्गादर्ता सिफारिस | १०० | १०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | निशुल्क | निशुल्क |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | ५०० | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० | १०० |
| ३४ | जिवित सँगको नाता प्रमाणित | ५० | १०० |
| ३५ | मृतक सँगको नाता प्रमाणित | ५० | १०० |
| ३६ | कोठा खोल्न कार्य/रोहबरमा बस्ने कार्य | १०० | १०० |
| ३७ | निःशुल्कवा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | निशुल्क |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने कार्य | निशुल्क | निशुल्क |
| ३९ | संस्थादर्ता सिफरिस | ५०० | ५०० |

| | | | |
|---|---|---|---|
| ४० | घर बाटो प्रमाणित | ५० | १०० |
| ४१ | चार किल्ला प्रमाणित | ५० | १०० |
| ४२ | जन्म मिति प्रमाणित | ५० | १०० |
| ४३ | विवाह प्रमाणित | ५० | १०० |
| ४४ | घर पाताल प्रमाणित | १०० | १०० |
| ४५ | कागज/मञ्जुरीनामा प्रमाणित | ५० | १०० |
| ४६ | हकवाला वा हकदार प्रमाणित | १०० | १०० |
| ४७ | अविवाहित प्रमाणित | १०० | १०० |
| ४८ | जग्गा रेखांकनकार्य/सो कार्यमा रोहवर | १०० | १०० |
| ४९ | जग्गाधनीपूर्जा हराएको सिफारिस | ५० | १०० |
| ५० | पुर्जामा घरकायम गर्ने सिफारिस | १०० | १०० |
| ५१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | १०० | १०० |
| ५२ | मिलापत्र कागज/उजुरी दर्ता | निशुल्क | निशुल्क |
| ५३ | जन्मदर्ता/प्रतिलिपी | २०० | संघिय कानुन अनुसार |
| ५४ | मृत्यु दर्ता /प्रतिलिपी | निशुल्क | संघिय कानुन अनुसार |
| ५५ | बसाई सराई जाने/आउने दर्ता/प्रतिलिपी | १०० | संघिय कानुन अनुसार |
| ५६ | सम्बन्धविच्छेद दर्ता/प्रतिलिपी | २०० | संघिय कानुन अनुसार |
| ५७ | विवाहदर्ता/प्रतिलिपी | २०० | संघिय कानुन अनुसार |

**घर निर्माण नक्सापास दस्तूरः** घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

| क.सं. | संरचनाको प्रकार | नक्सापास क्षेत्र अनुसार को दस्तुर (प्रतिवर्गफिट) | | |
|---|---|---|---|---|
| | | क | ख | ग |
| १. | आर सि.सि. सिमेन्टमा जोडाइ भएको घर | | | |
| | अन्डर ग्राउण्ड भुई तला र पहिलो तलामा | ५।०० | ४।०० | ३।०० |
| | दोश्रो तला | ५।५० | ४।५० | ३।५० |
| | तेश्रो तला | ६।०० | ५।०० | ४।०० |
| | चौथो तला | ७।०० | ६।०० | ५।०० |
| | पाँचौ तला | ८।०० | ७।०० | ६।०० |

| | | | | |
|---|---|---|---|---|
| | छैटो तला वा सो भन्दामाथि | १०।०० | ९।०० | ९।०० |
| २. | जस्ता वा अन्य छानो भएको पक्की इटा, ढुगांमा सिमेन्ट जोडाइ भएको घर | | | |
| | भुई तला र पहिलो तलामा | ४।०० | ३।५० | ३।०० |
| | दोश्रो तला | ४।५० | ४।०० | ३।५० |
| ३. | माटोको जडाइमा इँटा वा ढुंगाको गारो वा आर.सि.सि., आर.बि.सी. जस्ता सडक निर्माण | | | |
| | भुई तला र पहिलो तलामा | ३।०० | २।०० | २।०० |
| | दोश्रो तला | ३।५० | २।५० | २।५० |
| ५. | घरको नक्सा प्रतिलिपि दस्तुर एकमुष्ट | | | ४०० |
| ६. | नक्सा नामसारी दस्तुर (नक्सा पासको लागि लाग्ने दस्तुरको ) | | | ३०% |

- नक्सापास क्षेत्र **क** भन्नाले नुवाकोट उर्लेनी सडक खण्डमा मोहोडा भएका जग्गामा बन्ने घरको क्षेत्रलाई बुझाउँछ ।
- नक्सापास क्षेत्र **ख** भन्नाले नुवाकोट उर्लेनी सडक खण्डमा मोहोडा नभएको दायाँबायाँ २०० मिटरको भुभाग र सुर्यगढी गाउँपालिकाको स्थानीय सडकमा मोहोडा भएका जग्गामा बन्ने घर को क्षेत्रलाई बुझाउँछ ।
- नक्सापास क्षेत्र ग भन्नाले नक्सापास क्षेत्र क र ख भन्दा बाहेकको क्षेत्रलाई बुझाउँछ ।
- नक्सापास किताब तथा अभिलेखिकरण किताबको दस्तुरु एकमुष्ट रु.१०००।- लिने ।

**सरसफाई शूल्क :**

| क्र.सं. | विवरण | न्युनतम |
|---|---|---|
| १ | आवासिय घर २ तला सम्म | १०० |
| २ | आवासिय घर २ तलामाथी | १५० |
| ३ | होटल, लज सहितको व्यवसायिक | १००० |
| ४ | होटल, सानो चियानास्ता | ३०० |
| ५ | मासु पसल रांगा / खसी | ३०० |
| ६ | मासु पसल कुखुरा | ४०० |
| ७ | सैलुन | १०० |
| ८ | तरकारी, फलफुल | २०० |
| ९ | पानपसल | ०।०० |
| १० | माछा पसल | १०० |
| ११ | किराना होलसेल पसले | ४०० |
| १२ | किराना खुद्रापसल | २०० |
| १३ | फेन्सी, मोबाईल, साईबर, कपडा, घडी पसल, चुरा धागो | १०० |
| १४ | सुन पसल | २०० |

| | | |
|---|---|---|
| १५ | स्कुल, क्याम्पस सरकारी | २०० |
| १६ | स्कुल, क्याम्पस नीजि होस्टेल सहित | ५०० |
| १७ | स्कुल, क्याम्पस नीजि | ३०० |
| १८ | कार्यालय सरकारी | ३०० |
| १९ | कार्यालय नीजि, संघसंस्था | ४०० |
| २० | उद्योग ठुलो व्यवसायिक | १००० |
| २१ | उद्योग घरेलु, साना छाला जुत्ता, झोला | २०० |
| २२ | धान, च्यरा, तेल मिलआदि | ५०० |
| २३ | फर्निचर उद्योग | ४०० |
| २४ | बस, माइक्रो काउन्टर | २०० |
| २५ | हस्पीटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५०० |
| २६ | मेडिकल हल, एग्रो भेट | ५०० |
| २७ | कुखुरा फर्म ठुलो ५०० भन्दा बढी | ६०० |
| २८ | कुखुरा फर्म सानो ५०० भन्दाकम | ३०० |
| २९ | हार्डवयर, भाडापसल | ३०० |
| ३० | स्टेशनरी पसल | १०० |
| ३१ | कापी उद्योग, छापाखाना | ५०० |
| ३२ | मोटर वर्कशप | १००० |
| ३३ | साईकल, मोटरसाईकल वर्कशप | ५०० |
| ३४ | मोटर, मोटरसाईकल सोरुम | ३०० |
| ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४०० |
| ३६ | टायर रिसोलिङ | १००० |
| ३७ | बैंक | ५०० |
| ३८ | सहकारी संस्था | ३०० |
| ३९ | टेलरिङ पसल | ४०० |
| ४० | इट्टा विक्रि केन्द्र, भट्टा | २०० |
| ४१ | पेटोल पम्प | ३०० |
| ४२ | मदिरा पसल | ३०० |
| ४३ | टिभि, इलेक्टिक तथा मर्मत पसल | ४०० |
| ४४ | हस्तकला, आर्टस, प्लेक्स | २०० |
| ४५ | सिनेमा हल, पार्टी प्यालेस, क्याटरिङ | १००० |
| ४६ | दुध डिपो | ३०० |
| ४७ | व्युटी पार्लर | ३०० |
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३०० |
| ४९ | कुखुरा बाहेक कृषिफर्म | ३०० |
| ५० | अन्य | ३०० |

नोट : १) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरि कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

अनसुची ९

(दफा १० सँग सम्बन्धित)

**भुमिकर (मालपोत) कर**

**भुमिकर (मालपोत) करः** यस सुर्यगढी गाउँपालिका क्षेत्रभित्र सम्पति कर लाग्ने घरजग्गा बाहेक अन्य जग्गामा भुमिकर (मालपोत) लगाई असुल उपर गरिने छ ।

| **क्र.सं.** | **जग्गाको विवरण** | **प्रति रोपनि दर** | |
|---|---|---|---|
| | | **खेत** | **बारी** |
| १ | अव्वल | १५ | १२ |
| २ | दोयम | १२ | १० |
| ३ | सिम | १० | ८ |
| ४ | चाहार | ८ | ६ |
| ५ | पाखो | - | - |

नोटः १) माथि उल्लेखित प्रति रोपनि दर १० रोपनी सम्म लागु हुनेछ । त्यो भन्दा माथि प्रत्येक ५ रोपनिमा रु ५ को दरले बृद्धि हुनेछ ।

२) प्रमुख सडक मार्गले छोएको हकमा प्रतिरोपनी रु ५ थप कर लाग्ने छ ।

३) **जरिवानाः**

क) एक बर्ष भन्दा बढी समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा ५% थप लाग्ने छ ।

ख) दुई बर्ष भन्दा बढी समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा ७% थप लाग्ने छ ।

ग) तिन बर्ष भन्दा बढी समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा १०% थप लाग्ने छ ।

अनसुची १०

(दफा ११ संग सम्बन्धित)

सवारी साधन कर

सवारी साधन करः गाउँपालिका क्षेत्र भित्र सवारी साधनमा लाग्ने, ढुवानी गरेबापत सवारी साधन कर लगाई असुल उपर गरिन्छ ।

| क्र.स. | विवरण | कर दस्तुर शुल्क | कैफियत |
|---|---|---|---|
| १ | बस | प्रदेश सरकारले तोके बमोजिम | |
| २ | ट्रक | प्रदेश सरकारले तोके बमोजिम | |
| ३ | मिनीबस | प्रदेश सरकारले तोके बमोजिम | |
| ४ | जिप | प्रदेश सरकारले तोके बमोजिम | |
| ५ | अटो संचालन अनुमती इजाजत पत्र | १०००० | |
| ६ | टयाक्टर | प्रदेश सरकारले तोके बमोजिम | |
| ७ | मिनि ट्रक | प्रदेश सरकारले तोके बमोजिम | |
| ८ | दश चक्का ट्रक | प्रदेश सरकारले तोके बमोजिम | |
| ९ | ढुङ्गा प्रति टिपर | ७०० | |
| १० | ढुङ्गा प्रति आईचर | ५०० | |
| ११ | ढुङ्गा प्रति निसान | ४०० | |
| १२ | बालुवा प्रति टिपर | ८०० | |
| १३ | बालुवा प्रति आईचर | ६०० | |
| १४ | बालुवा प्रति निसान | ४०० | |
| १५ | ईट्टा प्रति गोटा | ०.२५ | |
| १६ | गिट्टी प्रति टिपर | १००० | |
| १७ | गिट्टी प्रति आईचर | ७५० | |
| १८ | गिट्टी प्रति निसान | ५०० | |